कोशी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
**प्रदेश राजस्व कार्यालय**
इटहरी, सुनसरी, नेपाल

प.सं. :- ०८२/८३
च.नं. :- १६६

मिति :- वि.सं. २०८३/०३/०५

ने.स. :- ११४६ तछलाथ्व,५ शुक्रवार

विषयः मासिक प्रगति विवरण पेश गरिएको सम्बन्धमा।

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश
शनीहाट चौक, विराटनगर

प्रस्तुत विषयमा कोशी प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम १० र अनुसूची-१ बमोजिम यस कार्यालयको २०८३ जेष्ठ महिनाको मासिक प्रगति प्रतिवेदन पाना-२ यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Bidur Poudel
pro.koshi82@gmail.com

(विदुर पौडेल)
शाखा अधिकृत

बोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय , सुनसरी
, सुनसरी

अनुसूची-१

(कोशी प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम १० को उपनियम (६) सँग सम्बन्धित)

# मासिक प्रगति प्रतिवेदन

**कार्यालयको नामः** प्रदेश राजस्व कार्यालय, इटहरी, सुनसरी।

**सालः** २०८३ **महिनाः** जेष्ठ

| क्र.सं. | प्रमुख कार्यहरु | कार्यान्वयन स्थिति | पहिचान भएका प्रमुख समस्या | समाधानका प्रयास |
|---|---|---|---|---|
| १. | राजस्व सङ्कलनमा समन्वय तथा अनुगमन | ➢ मोरङ र झापा जिल्ला अनुगमन समितिको टोलीमा सहभागी भई ग्रामथान गाउँपालिका, बेलबारी नगरपालिका, सुन्दरहरैचा नगरपालिका र दमक नगरपालिकामा प्रकृतिक स्रोत बिक्री सम्बन्धी र क्रसर उद्योगको स्थलगत अनुगमन गरियो। | ➢ ढुङ्गा, गिट्टी, बालुवा सङ्कलनका लागि स्वीकृत IEE प्रतिवेदन विपरित, खोला बगेको क्षेत्रमा तथा निषेधित क्षेत्रमा उत्खनन भएको पाइयो।<br>➢ अनुमति नलिई तथा IEE प्रतिवेदन विपरित निजी जगगाको माटो, वालुवा, भरौट उत्खनन् गरेको पाइयो। | प्रचलित कानून बमोजिम जरिवाना गर्ने सिफारिस सहितको प्रतिवेदन पेश गरियो। |
| | | ➢ बेलबारीको लोहोन्द्रा खोलामा सञ्चालित सिंचाई आयोजनाले नदीजन्य सामग्रीको राजस्व दाखिला र क्रसर प्लान्ट सञ्चालनको विषयमा स्थलगत अनुगमन गरी सुनसरी मोरङ सिंचाई आयोजना र नगरपालिकाबीच समन्वय गरियो। | ➢ आयोजनास्थलको निर्माणमुखी सामग्री प्रयोग, राजस्व दाखिला र क्रसर प्लान्ट सञ्चालनबारे द्विविधा भएको। सम्बन्धित निकायबीच समन्वय नभएको। | IEE रिपोर्ट र ठेक्का सम्झौता अनुसार राजस्व दाखिला गर्न समन्वय गरियो। |
| २. | बजेट तर्जुमा कार्यमा सहयोग | ➢ आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रदेश आर्थिक विधेयक तर्जुमा, आर्थिक सर्वेक्षण र मध्यमकालीन खर्च संरचना (MTEF) तयारीमा सहयोग गरियो। | | |
| ३. | स्थानीय विभाज्य कोषको राजस्व बाँडफाँडका लागि | ➢ स्थानीय विभाज्य कोषमा राजस्व दाखिला तथा बाँडफाँड सम्बन्धमा सबै पालिकाहरुलाई पत्र लेखी अनुरोध गरिएको। | ➢ कतिपय स्थानीय तहले सङ्कलन गरेको राजस्व SuTRA प्रणालीमा देखिने गरी विभाज्य कोषमा दाखिला नभएको। | राजस्व बाँडफाँड गरी प्रदेश सञ्चित कोषमा पठाइदिन |

| क्र.सं. | प्रमुख कार्यहरु | कार्यान्वयन स्थिति | पहिचान भएका प्रमुख समस्या | समाधानका प्रयास |
|---|---|---|---|---|
| | पत्राचार | ➢ स्थानीय तहबाट प्राप्त हुने राजस्व प्रदेश सञ्चित कोषमा दाखिला गर्न समन्वय गरिदिन प्रदेश लेखा इकाई कार्यालयलाई पत्राचार गरिएको। | ➢ विभाज्य कोषको राजस्व बाँडफाँड गरी प्रदेश सञ्चित कोषमा समयमै दाखिला नभएको। | पत्राचार गरिएको। |
| ४. | राजस्व सङ्कलनमा समन्वय तथा पहल | ➢ वन क्षेत्रको पर्यटनस्थल, तालतलैया, पिकनिकस्थल लगायतको पर्यटन शुल्क सङ्कलनमा ताकेता गरियो। बेलबारीको वेतना सिमसार, इटहरीको तालतलैया लगायत पर्यापर्यटन सञ्चालन गर्ने सामुदायिक वन समूहलाई पर्यटन शुल्क बुझाउन जानकारी गराइयो।<br>➢ वातावरण तथा औद्योगिकरण व्यवस्थापन शुल्क दाखिला गर्ने सम्बन्धमा उद्योगहरुमा ताकेता गरियो। | ➢ पर्यटनस्थल सञ्चालन गर्ने विभिन्न समिति तथा सामुदायिक वन समूहबाट स्थानीय विभाज्य कोषमा दाखिला गर्ने पर्यटन शुल्क सङ्कलन हुन नसकेको।<br>➢ भेनियर उद्योग, इटा उद्योग, सिमेन्ट, क्रसर उद्योगबाट ऐन बमोजिमको शुल्क समयमै सङ्कलन हुन नसकेको। | शुल्क सङ्कलनका लागि डिभिजन वन कार्यालय, घरेलु कार्यालय र स्थानीय तहसँग समन्वय गरिएको। |
| ५. | बजेट तथा कार्यक्रम प्रस्ताव | ➢ आगामी आर्थिक वर्ष २०८३/८४ को लागि कार्यालयको बजेट तथा कार्यक्रम तर्जुमा गरी PLMBIS मार्फत मन्त्रालयमा पेश गरियो।<br>➢ राजस्व सम्बन्धी कार्यक्रम, कर सचेतना र अध्ययनका लागि कार्यक्रम प्रस्ताव गरी प्रदेश सहयोग कार्यक्रम (PSP)लाई पत्राचार गरियो। | | |
| ६. | कार्यालय सञ्चालन तथा नियमित कार्य | ➢ कार्यालयमा इन्भर्टर खरिद तथा जडान गरियो।<br>➢ जेष्ठ महिनामा सूचना अधिकारीको बैठकमा सहभागिता।<br>➢ मासिक प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाइएको।<br>➢ वेवसाइटमा खर्चको फाँटवारी र बिल सार्वजनिक।<br>➢ भुक्तानी निकासा तथा नियमित कार्य सञ्चालन गरियो। | | |